©Music Museum of Nepal

काठमाण्डौ, जि. प्र. का. द. न. ८४।०५४।५५

**नेपाली लोकबाजा सङग्रहालयको द्वैमासिक प्रकाशन**


प्रधान सम्पादक

रामप्रसाद कँडेल

सम्पादक

नन्दा शर्मा

सल्लाहकार

कुवेर व. राउत क्षत्री

मधुसूदन गिरी

चक्रपाणि शर्मा

चक्र खड्का

प्रेमदेव गिरी

आवरण/कम्प्युटर सेटिङ

विजय परियार



कार्यालय

नेपाली लोकबाजा सङग्रहालय, महादेव वहाल त्रिपुरश्वर, काठमाण्डौ

पो. ब. न. ४८२९

Email: lokbaja@gmail.com

Web. www.nepalmusicmuseum.org


©Music Museum of Nepal

# खाँडो

स्वस्ति श्री श्री श्री श्री श्री गगन गिरी गिरीराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री श्री श्री ५ मन्महाराजधिराज गोर्खा सर्कार्को प्रताप कहिन्छ । पैहे साके १४८० भाद्रवती ८ रोज ४ का दिन् रोहिणी नक्षत्रमा लमजुङ्का राजा कुलमन्द शाहका नाति द्रव्य शाहले गोर्खाको गद्दी लियाको हो । सो बखत्मा द्रव्य शाह, पुरन्दर शाह, उनका भाइ राम शाह, डम्बर शाह, कृष्ण शाह, पृथ्वीपति शाह, नरभूपाल शाह, पृथ्वीनारायण शाह समेत १० पुस्ताले राज्य गरी श्री मन्महाराजा धिराज पृथ्वीनारायण शाह नेपाल जित्न भनी चले । राणा, बोहरा, श्रर्याल, खँदाल, पाण्डे, बुसाल साथमा चले, हतियार पाइन चढाए, खुकुरी, खुडा, खुर्पा, भाला, बच्र्छी, च्यास्मा, चुपी, छुरो, कटारी, [illegible], तरवार, बन्दुक मली मलाऊ कसी कसाऊ, झकी झकाऊ भए, सिन्दुर जात्रा गर्दै सिपाहीका फौज चले दमकि दम ! दमकि दम ! ! दमकि दम ! ! ! महाराजका साथ चोपदार चले, खरदार चले, सुबेदार चले, राइटर चले, [illegible]दार चले, जंदार चले, हबल्दार चले, श्रमल्दार चले, ग[illegible]न्दार चले, कपर्दार चले, चिरुवादार चले, वानादार चले, व[illegible]साही बाजा चले, घोडा चले, तोडा चले, हस्ती चले, म[illegible]स्ता गले, जर्नैल चले, कर्णेल चले, कप्तान चले, लेफटन चले, कमानियर चले, पिउठ चले, सार्ज चले बिकुल्का सोर्मा पल्टन चले, दमकि दम ! दमकि दम ! ! दमकि दम ! ! ! तोप चले, बमगोला चले, सोला चले, गोला चले, खजाना चले, डोली चले, पाल्की चले, म्याना चले, केटी चले, नैकापमा

©Music Museum of Nepal

किल्ला बाँधियो कान्तिपुर, कीर्तिपुरका राजासँग घनघोरको लडाञी परचो, त्यो साहित्मा फत्ये नभै नुवाकोटमा सेना श्रडियो, लाल झण्डा तादीमा गडियो, सम्बत् १८२५ भाद्रसुदी १४ रोज १ का दिन श्री ५ पुथ्वीनारायण शाहको नेपाल जितने साहित श्रायो, नेवारी सेनाले इन्द्रजाबा चलायो, पेटभरी भोज खायो, रक्सीले फौज लडायो, गोर्खालीले श्रौसर् पायो, हतियार रमायो, हम्ला गरी लाल बैठकमा श्रायो, नेवार् मातियाको चला पायो, गोर्खालीले नेपालीलाइ चला बसायो, महाराजालाइ लगी गादीमा चढायो, त्यो कुरा राजा जयप्रकाशले थाहा पायो, साह्रै डरायो, उतैबाट पाटनका प्रधानको गदैन [illegible]यो, काल्ले कुत्कुती लायो, राजा भगाए, प्रधानको [illegible] बालुवा खाए, पाटन पनि गोर्खालीले हात लाए, [illegible] महिनापछि भादगाउँमा सेना चढाए, सुनढोकामा राजा [illegible], यति गरी तीनै शहरको महाराजी खिताप गोर्खा सरकारले पाए, ताहाँदेखि रस्ती रसाई वस्ती बसाई मीठो खाई [illegible] लाई सबैले हाइ हाइ गाई राज बढाइ वस्ता भए। [illegible] उप्रान्त ११ साल्मा लखनौमा हाहा पारियो, काली [illegible] मुलुकै थर्कायो, शत्रुका पीठ फर्कायो, गर्भिनीका गर्भ झर्कायो, दुर्दिन घर्कायो, श्री ५ पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, रणबहादुर शाह, गीर्बायुद्ध विक्रम शाह, राजेन्द्र विक्रम शाह, सुरेन्द्र विक्रम शाह वहाँका नाति पृथ्वी वीर विक्रम शाहले १६६८ सालसम्म राज्य गरिबक्सिंदा भींसे थापा, जंगबहादुर, रण उद्दीप, वीर शमशेर, देव शमशेर को पालो फिरी महाराज चन्द्र शमशेरको प्रताप झल्केको छ, हाल श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवले ११ वर्ष राज्य गरेपछि ८० सालमा इनै बात्साहाको खाँडो जगाइयो, हतियारका चमक्ले शत्रु भगाइयो, दुश्मनका थाप्लामा ठ्याक



©Music Museum of Nepal

ठ्याक ।

# रेवतीरमण न्यौपाने

## (१९३३ - १९६८)

ब्रहापुर सिपा तीनघरेमा जन्मने यी कविले विशेष शिक्षा नपाए पनि संस्कृत र नेपालीको राम्रो ज्ञान प्राप्त गरेको कुरा उनका रचना पढ्दा थाहा हुन्छ । उनका कविता र काव्यले त्यस बेला साधारण जनतामा त प्रभाव पारेका थिए नै, तत्कालीन कतिपय कवि-लेखकमा पनि यी कविको प्रभाव परेको देखिन्छ । धारावाहिक रुपमा कविता गर्न सक्ने यिनको रचना-शक्ति बेजोड थियो । उनका प्रकाशित प्रमुख कृतिहरुमा ‘विश्वजित्लीला, तुलसीकृत-रामायणका केही काण्ड, विवाह लीला’ हुन् । ‘विवाह लीला’ १९६६ले त यिनलाई निकै चर्चित बनायो ।

यहाँ उनका रचनाबाट पाञ्चायनस्तुति, जनकपुर विजय, केही श्रड्का र जवाफ, श्रग्निवेश्य रामायण र गोर्खालीको खाँडो’ उद्धृत गरिएका छन् । स्तुति, श्रड्का खाँडो माध्यमिककालीन कविताका प्रवृत्तिगत विधा-मध्ये पर्छन् । रामायणमा सामान्यतः नपाइने तिथिमिति ‘श्रग्निवेश्य रामायण’ मा पाइन्छन् । खाँडो गद्यमा भए पनि कवितात्मक छ । प्रतिनिधित्वका लागि पनि यो विषयको चयन गरिएको हो ।

नेपाली शब्दलाई छन्दमा मिलाएर रोचक कविता लेख्ने यी कविका १०-१२ वटा पुस्तकहरु प्रकाशित भैसकेका देखिन्छन् । माध्यमिककालीन कविहरुमा यी कविको राम्रो स्थान छ ।

प्रस्तुत रचनाहरुबाट पनि उनका प्रतिभाको एक झलक अनुभव गर्न सकिनेछ ।

©Music Museum of Nepal

## १.डल्ले शंख

डल्ले शंख नेपालको हरेक बाहुन क्षेत्रीकोघर घरमा बजाईन्छ। अन्य जात जतीको घरमापनि नपाईने भने होईन। बिहान र बेलुकी आरती गर्दा ३ र ५ पटक स्वर फिराएर बजाईन्छ । बिभिन्न पूजा पर्वमा आरम्भ र समापनमा मात्रै होईनकी मानिसको मृत्युमा पनि शंख नभई नहुने बाजा हो। शवको अगाडी अगाडी जोर डल्ले शंख एकोहोरो स्वरमा बजाईन्छ र लासलाई चितामा राख्ने बेलामा समेत तीन पटक चिता घुम्दै बजाईन्छ।

## २. दाहिने शंख

यो शंखलाई अमुल्य शंखको रुपमा लिइन्छ। भगवान विष्णुको दाहिने हातमा रहेकोले यसलाई विष्णु भगवानको प्रतीक र देवी लक्ष्मीको साक्षातरुपमा लिईन्छ । विशेष तान्त्रिक श्री मन्त्रले अभिमन्त्रित गरी रातो कपडामा चामल राखी फूलपातीले पूजा गरी ढुकुटीमा राख्दा लक्ष्मी खुसी भई धन प्राप्त हुन्छ भन्ने लोक विश्वास रही आएको छ।

## ३. गौरी शंख

हेर्दा काँडैकाँडा निस्किएको शंखनै गौरी शंख हो। विशेष गरेर देवीहरुको पूजामा यसलाई प्रयोग गरिन्छ र एकोहोरो मात्र बजाईन्छ । अन्य शंखको भित्रिभागमा ४देखी ६ पटकसम्म घुमेको हुन्छ भने यसको भित्रि भागमा २ पटक मात्र घुमेको हुन्छ र स्वर धोत्रो हुन्छ। गौरी शंख साना ठूला बिभिन्न आकारका हुन्छन्।

## ४. मोती शंख

©Music Museum of Nepal

सामुद्रिक मोतिबाट बनेको यो शंख हेर्दा आर्कषक टल्कने मोती शंख ज्यादै नै मनोहर हुन्छ । विशेष गरेर श्री प्राप्तीको लागी यो शंखको तान्त्रिक प्रयोग गर्नै गरिन्छ । यो विशेषत सबै स्वरमा बजाउन सकिन्छ । पुराना अध्यात्मिक बिभिन्न साधनाहरुमा मोति शंख आर्यवर्तमा प्रयोग हुदै आएको छ ।

## ५. तुङ

बौद्ध सम्प्रदायमा प्रचलित यो बाजा बिभिन्न बौद्ध मन्त्र वा अन्य अनुष्ठान सामाग्रीको चित्र वा बुट्टाहरु कुँदेर कलात्मक बनाईएको हुन्छ । लामा गुरुहरुले घ्याङ तथा गुम्बाहरुमा पूजा पाठ गर्दा बजाउने यो शंख बजाउँदा स्वर भाग तुँइपट्टि पारेर एकोहोरो बजाउने गरिन्छ । हेलम्बु क्षेत्रका ह्योल्मो जातीहरुले आफ्ना धार्मिक अनुष्ठानहरुमा तुङ बजाउँछन् ।

## ६. तीन तारे सारङ्गी

तीन तारे सारङ्गी विशेष गरेर तराईका जन जातीमा प्रचलित यो लोकबाजाको शिरमा सारस जातको चराको मूर्ति कुँदिएको हुन्छ । यसमा जम्मा ३ वटा तार प , सा, प मा मिलाएर बजाईन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा र भवानी भिक्षुले "कुई कुँइ कुँई बज्छ ३ तारे सारङ्गी" भनी गीतमा उल्लेख गरिएको पाईन्छ । आजकल यो बाजा दुर्लभ भएको छ ।

## ७. आरबाजो

गाईन जातीको हालसम्म पाईएको सबैभनदा पुरानो बाजा आरबाजो हो । यो बाजा सारङ्गीभन्दा पुरानो बाजा हो । ४ वटा तार सा, प, सा, सां मा मिलाईएको हुन्छ । यस बाजाको शिर भागमा ब्रह्माको शिरको मूर्ति राखिन्छ । चैते पर्वमा गन्धर्वहरुले बजाउने यो बाजा लोपोन्मुख बाजाहरु अर्न्तगत पर्छ । यो बाजा काखमा राखेर बजाईन्छ । आरबाजालाई भाले र सारङ्गीलाई पोथिबाजा भनिन्छ ।

©Music Museum of Nepal

## ८. टाकटुके

टाकटुके मुडी हात जती लामो २ वटा गोलो चिल्लो फलाँठको काठको यो बाजा प्यूठान जिल्लातिर निकै प्रचलित छ । हनुमान, लाखे आदि नाच नाच्दा यो बाजा बजाईने गरिन्छ । दुबै हातमा लिएर टाकटुक टाकटुक पार्दै तुमुल ध्वनीमा बजाउँदै समूहमा नाच्दा ज्यादै रमाईलो गरिन्छ ।

## ९. ढोडे सारङ्गी

ढोडे सारङ्गी सामान्य सारङ्गी भन्दा अलि ठुलो हुन्छ । ढोडे सारङ्गीको स्वर ज्यादै मिठो हुन्छ । यो सारङ्गीमा ४ वटातार हुन्छ र तार प सा,सा र प मा मिलाईन्छ । विशेष गरेर खिर्राको काठबाट यसको निर्माण गरिन्छ । यस प्रकारको सारङ्गीको शिर भागमा कलशको बुट्टा कुँदेको हुन्छ । एकै जना कलाकाराले ढोडे सारङ्गी बजाईगाईने गरिन्छ । विशेषत: बुढा गाईनेहरुले ढोडे सारङ्गी बजाउदै आएको पाइन्छ ।

## १०. पोके सारङ्गी

गाईने जातीको बच्चाहरुलाई सारङ्गी सिकाउनको लागी बनाईने सानो आकारको सारङ्गीनै पोके सारङ्गी हो । यो सारङ्गी विशेष कलात्मक हुनाले सजाईएको हुदैन । यो स्वर निकाल्न मात्र प्रयोग गरिन्छ । अन्य सारङ्गी जस्तै ४ वटा तार हुन्छ ।पहिले पहिले बच्चाहरुलाई ४–६ महिनाको उमेर देखिनै खेलौनाको रुपमा प्रयोग गरिन्थ्यो भन्ने कतैकतै बुढा बुढीहरुबाट सुनिन्छ ।

## ११. जरुङ्गे

जरुङ्गे एक बित्ता देखि मुडि हात सम्म लामो ढुङग्रे बाँसको ढुङ्ग्रोका एकापट्टीको भाग छालाले मोडेर देब्रे काखिमा च्यापि दाहिने हातले ठोकि ताल दिएर बजाईने बाजा हो । यो दक्षिण धादिङ्गका तामाङ जातीमा प्रचलित छ । यसमा एकापट्टी छाला

©Music Museum of Nepal

तन्काई ठोक्नलाई बाँसकै किला र चोया प्रयोग गरिन्छ ।

## १२. बैष्णव घण्ट

बैष्णव समुदायको प्रिय र अनिवार्य बाजा मानिए पनि अन्य हिन्दुसम्प्रदायहरुको घरघरमा यस घण्ट बजाउने गरिन्छ । यसलाई विशेषतः भगवान विष्णुको पूजा गर्दा बजाईने यसघण्टको शिर भागमा गरुडको मुर्ति वा शेष नागको मुर्ति राखिएको हुन्छ , त्यसैले यस घण्टलाई वैष्णव घण्ट भनिएको हुन सक्छ ।

## १३. भ्रुरुम्मा-(भ्रुमा)

भ्रुरुम्मा पञ्चैबाजा,नौमती बाजा समूहको एक मुख्य ताल बाजा हो । यो काँसबाट बनेको हुन्छ । पञ्चैबाजा समूहमा प्रयोग गरिने भ्रुरुम्मा मझौला आकारको हुन्छ । यो बाजा दुबै हातमा समातेर बिभिन्न तालमा ठोकेर बजाईन्छ ।यो बाजा अग्नि तत्वको प्रतिकको रुपमा हामीले चिन्दछौं । यो दमाई जातीको बाजा हो ।

## १४. नरसिंहा–

यो बाजा पञ्चे बाजा समूहको बाजा हो । यो बाजा तामाको पातलो पाताबाट बनेको हुन्छ । यो बाजा भ्रण्डै अर्धचन्द्र आकारको हुन्छ र स्वर आउने भाग ठूलो र फुक्ने ठाँउ सानो हुन्छ । यो दमाई जातीको बाजा हो । आकाश तत्वको प्रतिकको रुपमा यो बाजा बजाईन्छ । पाँच मुख देखि सात मुख सम्मको हुन्छ । नेपालमा सबैभन्दा लामो नरसिंहा कास्की कोटमा छ ।

## १५. डिल्बु–

डिल्बु एक प्रकारको घण्ट हो । योबाजा काँसबाट बनेको हुन्छ । पञ्च धातु वा अष्टधातुबाट पनि पहिले डिलबु बनाईन्थ्यो । यो बाजा तामाङ जातीमा प्रचलित छ । यसको

©Music Museum of Nepal

आफ्नै प्रतिकात्मक अर्थ छ । शिर भागको बज्रलाई पुरुषको प्रतिक र घण्टलाई स्त्रीको प्रतिकको रुपमा लिईन्छ । अनेकौ कलात्मक बौद्ध पद्धतिका बुट्टाहरुले यसलाईं कलात्मक बनाईन्छ ।

## १६. बसः

यो बाजा काठमाण्डौ उपत्यकाको किसान ज्यापुजातीको बाजा हो । यो बाजा सतिसालको गोलो काठलाई भिरले खोपेर सिल्पकारहरुद्वारा बनाईन्छ । यो बाजा कार्तिक महिनामा बजाईन्छ । भगवान विष्णुका अवतारहरुको वर्णित गारिएका अनेकौं धार्मिक गीतहरुका लयहरुमा समुहबद्ध भई नारायण मन्दिरका परिसरहरुमा बजाईन्छ । यो सुशिरबाद्य हो ।

## १७. सिर्लिङ–

त्रविशेष गरी पूर्वी पहाडका राई जातीले बजाउने यो बाजा राई जातीको आफ्नै र पुरानो बाजा हो । यो बाजा राईै जातीको सकेवा सिलि नाचमा बजाईन्छ । यो झट्ट हेर्दा सानो खडग् जस्तै हुन्छ । दुबै धार हुने भागमा फलामकै कलात्मक मुन्द्रा जडिएको हुन्छ । बजाउँदा दुबै हातले हल्लाएर बजाउनु पर्दछ । अनकौं सिलीहरुमा यो बाजा बजाई नाचिन्छ । यो बाजा शुद्ध फलामबाट बनेको हुन्छ ।

## १८. रोईला खैचडी–

मझौला आकारको रोईला खैचडी दारको काठबाट बनाईन्छ । काठको ठेकी बनाउने सिप भएका कलाकारहरुले बिभिन्न बुट्टा कुँदेर पनि बनाईएको पाईन्छ । यसमा पहिले दुबैपट्टी प्वाल पारेको हुन्छ र एकापट्टी मृगको छाला मोडी बनाईन्छ । रोईला लोकगीत र लोकभजनमा प्रयोग गरिने भएकोले यसको नाम रोईला खैचडी रहन गएको हो । यो खौचडी गन्डकी क्षेत्रमा बजाईन्छ ।



©Music Museum of Nepal

## १९. फ्ये गं–

नेपाल विभिन्न धर्म र संस्कृतिले भरिपूर्ण देश हो । मानिस भन्दा देवता बढी र घर भन्दा मन्दिर धेरै भएको देश भनेर चिनिने हाम्रो देश नेपालमा विभिन्न थरीका देव देवीको मन्दिरको छानाको चारैतिर फ्ये गं: झुण्ड्याईएको देख्न पाईन्छ । नेवारी भाषामा यसको नाम रहन गएको हो । फ्ये अर्थात हावा र गं अर्थ घण्ट भन्ने बुझिन्छ । मन्दिरमा राखेको घण्टको संख्याबाट तान्त्रिकहरुले यो मन्दिर यस देव देवीको हो भनेर थाहा पाउनसक्छन । यस घण्टमा सम्बन्धित देव देवीको मन्त्र अभिमन्त्रित गरेको हुन्छ र सो मंत्रध्वनीबाट मन्दिर ध्वनी सदा पवित्र हुन्छ भन्ने विश्वास गरिन्छ ।

## २०. ता:

ता: बाजा दाफा भजन तथा चर्या नृत्यमा बजाईने प्रमुख बाजा हो । यो काँसबाट बनेको हुन्छ र आधा अंगुल बाक्लो हुन्छ । दुबै हातमा लिई ठोकेर बजाईने यो बाजाको विचमा प्वाल पारी मोटो धागो वा कपडाको ध्वजाले बानिएको हुन्छ । जसले गर्दा समात्नलाई सजिलो हुन्छ ।

## २१. बोके घण्ट–

हिन्दु धर्मशास्त्रीले विभिन्न देव देवीको भाकल गरी बोका, भेडा, पाठा आदि देव देवीको नाममा छाडने चलन परापूर्वकाल देखीनै चल्दै आएको छ । बोके घण्ट त्यस्तै भाकल गरी मन्दिरमा छोडीने बोकालाई घाँटीमा लगाई छोडने चलन छ । यस घण्टको साथमा तामा,पित्तलको पाता झुण्ड्याई फलानाले यस्तो भाकल गरी छाडेको हो काटे, मारे वा दुःख दिए घोर पाप लाग्ला भनि कुँदेको हुन्छ ।यो काँसबाट बनेको घण्टी हो ।

## २२. अखडानन्द नाद



©Music Museum of Nepal

यो बाजा नेपालमा नादको ध्यान गर्न साधकहरुले प्रयोग गर्ने काँसबाट बनेको बाजा हो । यो बाजा नाद प्राप्तीको लागी ध्यान गर्ने बेला दुबै हातले ठोकेर कानको नगिच बजाईने चलन छ । सुमधुर अखण्ड नाद प्राप्त गर्ने साधन यो बाजाको बर्तमानमा सार्बजनिक प्रयोग देखिएको छैन ।

## २३. टिप सहने–

पञ्चै बाजाको समूहमा प्रमुख सुर बाजा सहने हो । नुवाकोट र धादिङ्गमा बजाईने सहनेलाईनै टिप सहने भनिन्छ । यो बाजालनै पञ्चै बाजाको रौनक थपेको हुन्छ । यो दमाई जातीको फुकेर बजाईने ज्यादै मिठो स्वर आउने सुर बाजा हो ।

## २४. थुन्दर–

यो बाजा लामाहरुको विशेष पूजाआजामा प्रयोग गरिने बाजा हो । घ्याङ तथा गुम्बामा लामाहरुले विशेष पूजाआजा गर्दा तथा साधना गर्दा सहायक लामाहरुलाई निर्देशन दिनुपर्दा यसको प्रयोग गर्ने गर्दछन् । मन्त्र उच्चारण गर्दा पनि यो बाजा लगातार बजिरहेको हुन्छ । यो झण्डै सानो आकारको डमरु जस्तै हुन्छ ।

## २५. भुस्याल–

भुस्याहा उपत्यकाको प्रचलित लोक बाजा हो यो धिमे बाजाको सहायक बाजा हो । काँसबाट बनेको यो बाजा मध्यम आकारको हुन्छ र ठुलो स्वर आउँछ । यो ज्यापु जातीको ताल बजा हो

## २६. पूँगी–



©Music Museum of Nepal

यो बाजा तराईका सपेराहरुले बजाउने बाजा हो । यो बाजा सपेराहरुले आफना् बालकहरुलाई विन सिकाउनु भन्दा पहिले बजाउन सिकाउँछन । यो नरिवल र गोपीबाँसको नलीबाट बनाइन्छ । यसको शिर भागमा एउटा बाँसकै छोटो डण्डी हुन्छ । यसलाई विनको पहिलो वा पूर्व अवस्था पनि भन्न सकिन्छ ।

## २७. टुङना–

हिमाली भेगका भेडा गोठालाहरुको ज्यादै लोकप्रिय तार बाजा टुङना हो । यसमा ४ वटा तार जडिएको हुन्छ । यो बाजा झण्डै डेढ देखि दुई हात सम्मको लामो हुन्छ । यसको शिर्ष भागमा शार्दुलको टाउकोको मुर्ति कुदिएको हुन्छ । यो गुराँस जातको काठबाट बनाईन्छ ।

## २८. यलम्वर–

भालु बाँसका दुबै आँख्लालाई नछोडिकन बाँसको एक गिँडबाट यस बाजाको निर्माण गरिन्छ । झण्डै विचभागमा ४ अंगुल लामो र १ अंगुल चौडाईको प्वाल पारी त्यसमा प्वाल भन्दा माथि केही लामो बाँसको फलक वा तडि राखि छेउ छेउबाट त्यही बाँसकै तार निकाली त्यस तडिलाई अड्याई यो बाजा बनाईन्छ । यो तालबाजा अर्न्तगत पर्दछ र यसको नाम किँराती राजा यलम्वरबाट रहन गएको विश्वास गरिन्छ ।

## २९. डबडम्फु–

डबडम्फु नेपालको मध्य पश्चिमाञ्चलक्षेत्रमा ज्यादै प्रचलनमा छ । यो बाजा डब लोक गीत गाउँदा बजाईने प्रचलन छ । यो बिना डब लोक गीतको पूर्णता भएको मानिदैन । यो बाजा झण्डै डम्फु जस्तै नै हुन्छ तर आकारमा भने केही सानो हुन्छ । यो बाजा सुर्खेतको सिम्तदरा क्षेत्रमा प्रचलित छ ।

## ३०. झिल्लीम झर्की



©Music Museum of Nepal

एउटा धनुष आकारको झण्डै २–३ हात लामो लौरोमा १५ जोडी झ्याली बाँध्दै गाँठो पार्दै डोरीमा उनी बनाईएको हुन्छ । यो बाजा मध्य तराईका वासिन्दामा प्रचलित छ । र बजाउँदा नाचको तालमा हल्लाउनु पर्दछ ।

**३१. बानो–**
यो बाजा अर्धचन्द्राकारको हुन्छ र तामाबाट बनेको हुन्छ । बौद्ध पूजामा गुरुहरुले यसलाई बजाउने गर्दछन । यो मुखले फुकेर बजायने शुशिर बाजा हो । यो एक मुडि हात लामो हुन्छ र अनेकौं कलात्मक बुट्टा बनाईएको हुन्छ ।

**३२. मुरली–**
बाँसबाट बन्ने यो बाजा ज्यादै प्रचलित शुशिरबाद्य हो । निगालो वा गोपी बाँसको मुरली झनै राम्रो मानिन्छ । एक आँख्ला बाँसको फुक्ने भाग छडके बनाई ताछिन्छ र भक्यामलो जातको काठको ठेडी र त्यसैको नजीक एउटा प्वाल बनाईन्छ । ६ वटा प्वाल झिरले पारेर बनाईने यो बाजा हाम्रा गाँउघरमा बजाईन्छ ।

**३३. काङलिङ–**
यो बाजा ज्यादै पुरानो र अतिनै महत्वपूर्ण बाजा हो । यो मानिसको नाल खुट्टाको हाडबाट बन्दछ । यो बाजा तन्त्र साधनामा पूर्णता पाएको वा सिद्धि प्राप्त तान्त्रिकहरुले मात्र प्रयोग गर्दछ र हाड पनि सिसद्ध प्राप्त तान्त्रिकहरुकै मात्र प्रयोग गरिन्छ । यो लामाहरुले पूजा तथा झाँक्रिहरुले साधनाको काम वा उपचारको काम गर्दा समेत प्रयोग गर्ने गर्दछन् ।

**३४. ओतनी–**



©Music Museum of Nepal

ओतनी डोम जातीको अति नै पुरानो लोकबाजा हो । यसबाजामा कसैले २वटा त कसैले ३ वटा तारको प्रयोग गरेको पाईन्छ । यो बाजाको शिर भागमा मानिसको मुर्ति कुँदिएको हुन्छ र तल्लो भागमाछाला ठोकी दाहिने हातले धनुले रेटेर बजाईन्छ ।

### ३५. एकतारे–

सन्त योगी वा वैरागीहरुले दिक्षा लिने बेलामा गुरुबाट एउटा तार पाउँछन् र त्यस तारलाई २ देखि ३ फुटसम्मको दण्डमा एउटा काठको पात्र तुम्बोमा जोडीयो बाजाको निर्माण गर्दछन् । यो बाजा बैरागी , योगी वा सन्तहरुको प्रिय बाजा मानिन्छ । भजन किर्तन गर्दा तार कोट्याई मधुर आवाज निकालिन्छ ।

### ३६. पिवाङ–

यो बावजा उच्च हिमाली भेगमा बस्ने शेर्पा जातीको बाजा हो । यस बाजामा २ वटा तथा तारमा प्रयोग गरीने यो बाजा बजाउनकोलागि २ वटा तारको बिचमा धनुले रेट्नु पर्दछ । धनो घोडाको पुच्छरबाट बनाईन्छ  बजाउदा रौं चिप्लन्छ भनेर गोब्रे सल्लोको खोटो लगाउने गरीन्छ ।

### ३७. ताईनाई–

ताईनाइ उपत्यकाको प्रचलीत बाजाँ हो । यो कासँको गोलो र भित्री भाग घुमेको यो बाजाँ  झ०डै झण्डै थालीको आकारको हुन्छ । यसलाई टुप्पामा डोरीले झुण्ड्याई बाङ्ो काठको कथिले हिर्काएर बजाईन्छ । यो देबी नाचमा विशेष  गरेर बजाईएको पाईन्छ । अष्टमातृकाको नाचहरुमा यो बाजाँ बजाउनुनै पर्ने मान्यता यहा रहेको छ ।

### ३८. डम्वा–



©Music Museum of Nepal

कोइरालो जातको रुखको काठको पातलो फलेकलाई गोलो घेरो बनाई घोरलको छाला टागी ३२ वटा बाँसको किला ठोकी यस बाजा को निर्माण गरीन्छ । तामाङ् जातिको यो बाजाँ को शिर भागमा डाफे चराको मूर्ति हुन्छ । कतैकतै यसलाई डम्फु पनि भन्दछन् । तामाङ आदिपुरुष पेङ दोर्जेले यो बाजा बनाएको विश्वास गरिन्छ । त्यसैले तामाङ ताम्बा गीतमा यो बाजा अनिवार्य बजाईन्छ ।

## ३९. तामाङ घ्यालीङ–

यो बाजा तामाङहरुको मौलिक बाजा हो । यो बाजा तामाङहरुको विभिन्न सांस्कृतिक उत्सवदेखि मृत्यु संस्कारमा समेत प्रयोग हुन्छ । यो सुर बाजा हो । यो बाजा फुकेर बनाईन्छ । यो बाजा बजाउँदा जोर घ्यालीङ एकैसाथ बजाउनुपर्दछ ।

## ४०. टिप बाँसुरी–

टिप बाँसुरी काठमाण्डौ उपत्यकामा सतिसालको काठबाट बनाईन्छ भने अन्य स्थानमा गोपि बाँस जातको बाँसबाट बनाईन्छ । कतै कतै सिपालु कालिगढले निगालोबाट पनि बनाएको पाईन्छ । फुक्दा वा बजाउँदा ज्यादै मिठो स्वर आउने यो बाँसुरी ज्यादै तिखो स्वरले बज्छ ।

## ४१. घोर बाँसुरी–

घोर बाँसुरी ठुलो जातको बाँसबाट बनाईन्छ र यो लामो हुन्छ यो बाँसुरी बजाउन ज्यादै कठिन हुन्छ । तर फुकेर आवाज निकाल्दा ज्यादै मिठो र मधुर स्वर निस्कन्छ । काठमाण्डौका बाजा खलहरुमा घोर बाँसुरी सतिसालको गोलो काठबाट बनाईन्छ । कलात्मक किसिमले कुशलशिल्पकारका ज्ञाताहरुले भित्र खोको पारी बनाउने घोर बाँसुरी ललीतपुरमा प्रख्यात छ ।

## ४२. बय्चा–



©Music Museum of Nepal

यो एक प्रकारको फूकेर बजाउने बाजा हो । यो आकारमा सानो झण्डै झण्डै एक वित्ता मात्र हुन्छ । यसमा ६ वटा नै प्वाल भएपनि यसको विशेषता भनेको पछाडि एउटा प्वाल हुनु हो । जसले स्वरलाई थुन्दा र छोडदा भिन्दै भिन्दै स्वर आउन मद्धत गर्छ । यो उपत्यकाका ज्यापु जातीको लोकबाजा हो । कोंचा खिं र वय्चा संगै बजाउन काठमाण्डौका ज्यापुहरु सिपालु छन् ।

### ४३. कुकु वय्–

कुकु वय्चा अलि ठुलो प्रकारको फुकेर बजाईने बाजा हो । यो उपतयकाका नेवार हरुको प्रिय बाजा हो । यो मूल हात जती लामो काठलाई झिरले प्वाल पारी बनाईन्छ। यसको स्वर फर्केर आएको वा अलि धोत्रो जस्तो हुने भएता पनि ज्यादै मिठो सुनिन्छ ।

### ४४. ढोडे सहने–

यो पञ्चे बाजा समूहको महत्वपूर्ण स्वरबाजा हो । यो ढोडे सहनेको बिशेष्ता भनेको बजाउदा अली ठूलो स्वर आउनुनै हो । यो लम्जुङ तथा गोर्खा तिर बजाईन्छ । योदमाई जातिको बाजा हो । यो बाजा बजाउदा एक्लै नबजाई जोर रुपमा बजाउने चलन छ वा बजाउनु पर्दछ ।

### ४५. च्यालीङ

मकवानपुरतिरका लामा गुरुहरुले बजाउने यो बाजा कुनै ठाउमा डोङ्छे र कुनै ठाउमा च्यालीङ भनेर चिनिएता पनि यो एकै किसिमको बाजा हो । यो बाजा तामाको पातलो पातालाई पिटेर बनाईन्छ । यो न्यूङछा छोई नामक बौद्ध ग्रन्थ वाचन गर्दा बजाईन्छ ।

### ४६. नगरा–



©Music Museum of Nepal

नगरा नेपालको ज्यादै पुरानो र प्रख्यात बाजा हो । विजय उत्सव होस या विभिन्न चाड पर्वमा पहिले पहिले यो बाजा बजेको सुन्न सकिन्थ्यो । तर हाल आएर यो बाजा ज्यादै कम मात्रामा बजेको पाईन्छ । यो तामाबाट बनेको र मुखमा छाला मोडि बनाईन्छ । र बजाउँदा २ वटा गजोले ताल मिलाई ठोकिन्छ ।

## ४७. जोर नगरा–

जोर नगरा उपत्यकाका विभिन्न भजनमण्डल, खल:, उत्सव तथा नेवार जातीको दीवाली पूजामा समेत यो बाजा बजाईन्छ । सम्पूर्ण कुरा नगरासंग मिलेता पनि जोर नगरा दुईवटा हुन्छ।जसमा एउटा ठूलो र अर्को सानो हुन्छ । यो नगराको संयुक्त रुप हो ।

## ४८. छत्तिस नगरा–

छत्तिस नगरा भेरी, सेती र कर्णाली अञ्चलमा ज्यादै प्रचलित छ । यो नगरै नगराको बाद्य समूह हो । यसमा १८ जोर वा ३६ वटा हुने भएकोलेनै यसको नाम छत्तिस नगरा रहन गएको हो । योल बाजा एकैचोटी बजाईन्छ र बजाएँदा ध्वनी जयादै उल्लासपूर्ण हुन्छ ।

## ४९. दिव्य नगरा–

दिव्य नगरालाई देव नगरा तथा दम नगराको नामले पनि चिनिन्छ । यो ज्यादै पुरानो र हाल लगभग लोप भैसकेको बाजा हो । हाल यसलाई हनुमान ढोका दरवार क्षत्रमा देख्न सकिन्छ । धेर्रै ठूलो तामाको पात्रमा छाला कसेर दुईवटा ठूला–ठूला गजोले ठोकेर बजाईन्छ । यो हरेक दिनको आरतीमा बजाईन्थ्यो ।

## ५०. वालन खैजडी–



©Music Museum of Nepal

यो बाजा बाहुन–क्षेत्री समूदायको हो । दारको काठमा रतुवा मृगको छाला तन्काई ठोकी बनाईन्छ । यो बाजा बालन खेल्दा तथा भजन गाँउदा मात्र प्रयोग गरिन्छ । अन्य बेला यसलाई पूजाकोठामा राख्ने गरिन्छ ।

**५१. द :–**

यो बाजा ३ शहर उपत्यकाका नेवार, किसान ज्यापु जातीको प्रिय बाजा हो । यो बाजाको एकपट्टीको भाग अर्ध व्यास हुन्छ र छालाले मोडेको हुन्छ भने अर्कोपट्टीको भाग खाली हुन्छ र ताल दिन तल सानो वेतको पट्टी समेत हुन्छ । सो वेतले ताल फेर्न मद्धत गर्छ ।

**५२. स्वकू द –**

स्वकू द उपत्यकाको ताल बाजा हो । यो मध्यम स्तरको झण्डौ एक कुरेत ब्यासको हुन्छ । धेरै ठूलो आकारको पनि हुदैन । यसको एकापट्टीमात्र पातलो गरी खरी लगाईएको हुन्छ ।यो बाजा सार्बजनिक रुपमा उज[illegible]ली देख्न पाईदैन ।

**५३. मझौला द –**

यो काठमाण्डौं उपत्यकाको प्रचलित ताल बाजा हो । यस बाजाको निर्माण तामा वा पित्तलको पातलो पाता बाट गरिएको हुन्छ ।यसको एकापट्टीमात्र छालाले मोडीएको हुन्छ यस तालमा खरी नलगाई बजाईन्छ । यो बाजा औलाले सिन्का चपेर बजाईन्छ । कतै कतै मोटो तथा छोटो छालाको टुक्रा पनि ताल दिन राखिन्छ ।

**५४. भटभटे–**

पाल्पा तथा गुल्मी तिरका बासिन्दाहरुले बाँदर कुर्न बारीमा बस्दा यो बाजा बजाउदछन् । यो बाजा बाँस बाट बनाईन्छ । झण्डै झण्डै ५–६ फूट सम्मको बाँसलाई काटी २– ३



©Music Museum of Nepal

भागमा चिरीन्छ । र बजाउने पट्टी अली पातलो बनाईएको हुन्छ । यो बजा उदा ठूलो स्बर आउनै हुदा बादर लखेट्दा कराउन नपर्ने बिशेष्ताले गर्दा यसको प्रयोग गरिन्छ । यो बजाउन थपडी बजाएजस्तै गरी हल्लाउन पर्दछ ।

## ५५. यव नलि –

यब नलि हरियो जौको आलो डाँठलाई चिरेर बनाईन्छ । यो बनाउन अलि मोटो खालको जौको डाँठ वा नली छान्नु पर्दछ । यो बजाउदा पिं पिं आबाज आउदछ । कुनैकुनै ठाउमा गहुको नलीको पनि बनाईन्छ ।यो बिशेष गरेर बच्चा हरुले बजाउने बाजा हो ।

## ५६ सोरंग –

यो बाजा डोम जातिको मौलिक बाजा हो । यसमा दुई वटा तार हुन्छ र बजाउदा प र सा मा मिलाएर धनुले रेटेर बजाईन्छ । हाल लगभग धेरै कम मात्र सोरंग बादकहरु रहेका छन् नया पूस्तामा छिटो भन्दा छिटो यो बाजा सिक्नु र सिकाउनू पर्दछ नत्र यो बाजा चाडैनै लोप हुनसक्ने खतरामा परेको छ ।

## ५७. मयूरा –

मयूरा झण्डै एकतारेसंग मिल्दो जुल्दो हुन्छ । यो बाजाको शिर भागमा मयूरको मूर्ति हुन्छ । यो कतै रेटेर त कतै सानो धस्काल कोट्याएर बजाउने गरिन्छ । रौतहट तथा आसपासका गाँउहरुमा यो बाजा पाईएको छ ।

## ५८. पिंवाचा–

यो बाजा उपत्यकाको ज्यापु जातीहरुको बाजा हो । यो लोप भैसकेको तर हाल आएर नेपाली लोकबाजा संग्रहालयले खोज तथा अनुसन्धान गरी पुनः प्रयोगमा ल्याएको छ । यो बाजा



©Music Museum of Nepal

लोकगीत तथा भजनहूमा बजाईन्छ । पहिले दाफा भजनहूमा यो बाजा बजाइन्थ्यो भनेर केही बुढापाकाहरुको भनाई रहेको छ ।

### ५९. उर्नी–

यो धिमाल जातीको आफ्नै लोकबाजा हो । यो एक हात जति लामो र तल काठ वा नरीवलको गट्टामा जोडेको १ तारयुक्त बाजा हो । धिमालहरुको कुलदेवताको पुजा र अन्य पवित्र कार्यहरुमा नभई नहुने अति महत्वपूर्ण बाजा हो । यो बाजा रेटेर बजाईने बाजा हो ।

### ६०. दोदरा–

मौलीक संस्कृतिमा धनि धिमाल जातीको यो बाजा तार बाजा हो । यसमा ४ वटा तार हुन्छ  आफ्नो छुट्टै विशेशता बोकेको यो बाजा हातले वा कुनै चोयाले कोट्याएर बजाईन्छ ।

### ६१. सेरेन्जा–

यो बाजा झण्डै झण्डै सारङ्गी जस्तै हुन्छ । यो बाजा पनि धिमाल जातीको बाजा हो । यसमा ४ वटा तार हुन्छ र गजोले रेटेर बजाईन्छ । यो एक हात जति लामो हुन्छ ।

### ६२. तामाङ टुङना–

शिरभागमा घोडाको मूर्ति कुंदेर बनाईने टुङना नरम जातको गुराँसको काठबाट बनाईन्छ । यो सैलुङ भेगमा प्रचलित बाजा हो । यसमा ४ वटा तार हुन्छ । र तारलाई नख्खिले कोट्याएर बजाईन्छ। यो तामाङ जातीको बाजा हो ।

### ६३. डोङमेन–



©Music Museum of Nepal

डोङमेन हिमाली क्षेत्रको बाजा हो । यो बाजामा ६ वटा तार मिलाएर राखिन्छ । यो बाजा आकारमा टुङना भन्दा ठुलो हुन्छ र सेब्रु नाच र सेलो नाचमा पनि बजाईन्छ । यो डेढ देखि २ हात लामो हुन्छ र कोट्याएर बजाईन्छ।

### ६४. विन–

सर्प समात्ने सपेराहरुले सर्प समाउन र सर्प नचाउन यो बाजा प्रयोग गर्दछन् । सर्प नचाउदा अनेक प्रकारको हाउभाउ देखाउदै यो बाजा बजाई सपेराहरु दर्शकहरुलाई मनोरञ्जन दिन सिपालु हुन्छन् । तुम्बोको तल दुईवटा बाँसको नलि जोडिएको हुन्छ र त्यहि नलिको प्वालमा औंला चालेर संङ्गीत निकालिन्छ ।

### ६५. मानर

मानर मादल जस्तै बाजा हो तर यो माटोबाट बनेको हुन्छ । धाँगड जातीले बजाउने यो बाजा दुबैतर्फ छालाले मोडि खरी हालेर बजाईन्छ । एकातर्फको खरी कालो र अर्को तर्फ सेतो माटोको खरी हुन्छ । माटो कुटला भनि घारको एक अंगुलमाथि बाक्लो तना कसेको हुन्छ ।

### ६६. गिरंनार–

यो बाजा बाँसबाट बनेको हुन्छ । बाँसबाट अनेक किसिमका बाजा बनाईएतापनि यस बाजालाई भिन्दै कोटीमा राखिन्छ । कसैकसैले यसलाई बाँस तरंग पनि भन्दछन् । यो बाजा साना–साना बाँसको लौरोले ठोकेर बजाईन्छ ।

### ६७. नागवेली–

दैनिक पूजा अर्चनामा बजाईने यो बाजा तामाबाट बनेको र नागवेली आकारको हुन्छ । यो फुकेर बजाईन्छ । हाल यो बाजा गोर्खा कालिका, स्वर्गद्धारी र चाँगु नारायणको मन्दिरमा नित्य



©Music Museum of Nepal

पूजामा बजाउने गरिन्छ ।

**६८. मार्फा–**

यो बाजाको प्रयोग ज्यादै पहिले देखि नै हुदै आएतापनि हाल यो बाजा लोप जस्तै भैसकेको छ । यो बाजा पहिले पहिले सैनिकहरुलाई कवाज खेलाउँदा ठोकेर बजाईन्थ्यो । यो छालाले मोडेको ताल बाजा हो ।

**६९. तासा–**

यो प्राचिन बाजा हो । हालपनि यो बाजालाई सैनिकहरुले आफ्नो विभिन्न कार्यक्रमहरुमा बजाउने चलन रहेको छ । कपिलवस्तु क्षेत्रतिर पनि यो बाजा अनेकौं साँकृतिक समारोहहरुमा यो बाजा बजाउने गरिन्छ ।

**७०. भोक्कर–**

यो बाजा पश्चिम नेपालमा प्रचलनमा रहेको बाजा हो । यो बाजा तामाको पातलो पातालाई पिटेर गोलो बनाई फुकेर बजाईन्छ । र यसमा तार तथा मध्यमका विभिन्न स्वरहरु बजाउन सकिन्छ ।

**७१. तामेसं–**

यो बाजा हाल प्रचलनमा देखिएको छैन । यो लोप भैसकेको र ज्यादै पुरानो नेपाली लोकबाजा हो ।

**७२. ह्यान्जिङ–**

यो हिमाली भेगमा बजाईने बाजा हो । यसमा आठवटासम्म तार जोडिएको हुन्छ । हाल यो बाजा लोपोन्मुख अवस्थामा छ ।

**७३. शिखर–**



©Music Museum of Nepal

गोरखातिर प्रचलित यो बाजा तामाबाट बनाईन्छ । मुखले फुकेर बजाईने यो बाजा आवाज आउने मुख गोलो हुन्छ । झण्डै झण्डै २ हात जति लामो यो बाजा घुमाउरो मोडिएको हुन्छ ।

**७४. बिजुली बाना–**
यो बाजा तामाबाट बनेको हुन्छ । यस बाजाको मुख भागमा मल : (ड्रागन) को जस्तो मुर्ति अंकित गरिएको हुन्छ । यसलाई मुखले फुकेर बजाईन्छ । र यो बाजा गोरखामा प्रचलित छ ।

**७५. रासा–**
गोरखाकी प्रशिद्ध देवी मनकामनाको मन्दिरमा पुजा गर्दा यो बाजा बजाईन्छ । यो फुकेर बजाईने स्वर बाजा हो । झट्ट हेर्दा सहेने जस्तै अर्ध ॐ कारको आकारको यो बाजा दैनिक आरतीहरुमा बजाईन्छ ।

**७६. लाता : खिं :**
यो लाता : खिं: ताल बाजा अर्न्तगत पर्दछ । यो भक्तपुर शहरमा प्रचलित नेवारी लोकबाजा हो । नेवार समूदायले विभिन्न उत्सव र जात्राहरुमा यो बाजा बजाईन्छ यसलाई छ्यालाले मोडेर बजाईएको हुन्छ ।

**७७. कापवङ–**
यो भक्तपूरमा बजाइने पूरानो नेपाली लोकबाजा हो ।

**७८. ताताली–**
यो पनौती तथा आसपासका गाउँ तिर बजाईने पुरानो र चर्चित लोक बाजा हो । हाल यो बाजा लगभग लगभग लोपहुन लागी सकेको बाजा हो । यसको प्रयोग हाल ज्यादैकममात्र देख्न पाईन्छ ।



©Music Museum of Nepal

**७९. काहाल (कहल )**

काहाल तामाबाट बनेको झण्डै झण्डै २ हातजति लामो अर्ध चन्द्राकार आकारको हुन्छ । यो मुखले फूकेर बजाईन्छ । यो बाजा पुराना पुराना दैब पिठ तथा मन्दिरतिर देख्न पाईन्छ । गोरखा दरबारमा पनि बजाएको देख्न पाईन्छ। यो ज्यादै पुरानो बाजा  मानिन्छ।

**८०.तुरही  (तुरई)**

तुरही भण्डै २ हातजति लामो हुन्छ। यसको निर्माण तामाको पातलो पाता बाट गरिन्छ। मुखले फुकेर बजाइने यो बाजा अर्धचन्द्राकार हुन्छ।बजाउदा तिखो तथा तुरुरु आवाज आउने भएकोले यो बाजाको नाम तुरही राखीएको हो।

**८१.भेरी**

भेरी ज्यादै पुरानै बाजा हो। यो बाजा नुवाकोटको भैरबी मन्दिरमा पूजा अर्चना गर्दा बजाईन्छ । पहिले पहिले दैनिक पूजामाबजाईने यो बाजा काल आएर बिशेष पूजामा र पर्बमा मात्र बजाईन्छ। यो तामा बाट बनाउने गरीन्छ। यो एक फन्को घुमेको घुमेको हुन्छ।

**८२. नादि**

नादि नाथ सम्प्रदायमा प्रचलीत बाजा हो । नाथसम्प्रदायमा पनि दिक्षा पूर्ण गरेपक्षी मात्र यो बाजा बजाउन पाईन्छ। यो कृष्ण सागरको सिंगबाट बन्दछ। नाथ योगी हरुले यो बाजा घाटीमा लगाई गरु आरा धना गर्दा बिभिन्न प्रदर्शन गरी बजाउदछन् । सबै नाथ योगीहरुको घाटीमा यो बाजा हुन पर्दछ भन्ने बिश्वास गरिन्छ।

**८३. लावा –**



©Music Museum of Nepal

तामाको पातलो पाताबाट बनाईने यो बाजा ज्यादै लामो हुन्छ ।यो झण्डै झण्डै ५ देखि ९ हात सम्म लामो हुन्छ । यो बाजा ठूला ठूला  गुम्बामा लामा गुरुहरुले मुखले फूकेर बजाउछन् ।

**८५. पोगा  –**

पोंगा तामाको पातलो पातालाई गोलो आकारमा जोड्दै क्रमश सानो बाट ठूलो जोड्दै ४ –५ हात  लामो बनाईन्छ । यो बाजा बजाउदा लामो बासँको लठ्ठीले अडाईने गरिन्छ । यो पुरानो लोक बाजा हो । काठमाण्डौका मठ मन्दिरहरुमा यो बाजा बजाउने गरिन्छ ।

**८५. नेकु**

उपत्यकाका नेवार समूदायको यो बाजा अर्नाको सिङबाट बन्दछ । सिङको टुप्पोमा प्वाल पारी त्यही प्वालबाट फुकेर यो बाजा बजाईन्छ । यो बाजा ललीतपुरको मतया् जात्रामा बजाएको देख्न सकिन्छ । श्रृङ्गभेरी आवदानको आधारमा ललीतपुरको विभिन्न ९० टोलले हरेक बर्ष पालै पालो गरी श्रृङ्गभेरी यात्रा मनाईन्छ।

**८७. सिंगा**

यस बाजाका सम्पूर्ण गुणहरु नरसिंगासंग मिल्दो जुल्दो भएतापनि बजाउने तरिका र आवाजमा भने पूर्णरुपमा भिन्न छ । पूर्वी तराईमा बजाईने यो बाजा ३ हात लामो र तामाबाट बनेको हुन्छ ।

**८८. बानो–**

यो बौद्ध सम्प्रदायमा बजाईन बाजा हो । यो अर्ध चन्द्रकार र कलात्मक बुट्टैबुट्टाले कुँदिएको झण्डै एक हात जति लामो आर्कषक बाजा हो ।



©Music Museum of Nepal

**८९. का : (काहा:)–**

यो बाजा उपतयकाका नेवार जातीले बजाउँदछन् । यो तामाबाट बनेको हुन्छ र विभिन्न नेवारी संस्कारहरुमा बजाईन्छ । ३ देखि ५ हात लामो यो बाजा लौरोले अड्याई बजाईन्छ । यसको टुप्पोमा पातलो धातुको पाता झुण्ड्याई आर्कषक बनाईन्छ ।

**९०. हिटिमंग–**

यो बाजा उपत्यकाको पुरानो र लोप हुने अवस्थामा पुगेको बाजा हो । यो बाजामा मकरको शिरको आकृति कुँदिएको हुन्छ । यो बाजा बजाउनको लागि बाजाको पछिल्लो भाग ओठमा छुवाई फुकेर बजाउनु पर्दछ ।

**९१. भमरा मुहाली–**

यो भक्तपुरको कपाली जातिको लोक बाजा हो । यो सुर बाजा अर्न्तगत पर्दछ । फुकेर बजाइने यो बाजा बजाउदा भमरा भाभुनाएको जस्तो स्वर आउँदछ । जुन सुन्दा ज्यादै मधुर तथा आनन्ददायक हुन्छ ।

**९२. शेर्पा ग्यालिङ–**

यो नेपालको हिमाली जाती शेर्पा जातीको बाजा हो । शेर्पा जातीले विशेष गरी गुम्बामा पूजा गर्दा यसको प्रयोग गर्ने गर्दछन् । साथै अन्य धार्मिक अनुष्ठानहरुमा समेत यसको प्रयोग गरिन्छ । यो खयरको काठबाट बनेको हुन्छ र फुकेर बजाईन्छ । फुक्ने भागमा कलशको आकृति हुन्छ । त्यसो हुनुको मतलव यसबाट आउने ध्वनीले सबैमा मंगल तथा पूर्णता होस भन्ने हो ।

**९३. माझवाला बाँसुरी**

©Music Museum of Nepal

यो बाजा सुर बाजा अन्तर्गत पर्दछ यो काठ बाट बनेको हुन्छ । भिर तताई खोपेर काठमा प्वाल पारी यसको निर्माण गरिन्छ । यो बाँसुरीमा मध्य सप्तकको स्वर आउंछ । काठमाण्डौ उपत्यका मध्य ललितपुर शिल्पकला जातीले अत्यन्तै रामो गरी काठको बाँसुरी बनाउंछन् । कतिपयको यो बाँसुरी बनाउने पुख्यौली पेशा हो ।

**९४.कर्नाल - अन्नपूर्ण)**

यो बाजा तामाबाट बनेको हुन्छ । यो ज्यादै ठूलो स्वर आउने बाजा हो । यो बाजा नौमती बाजा अन्तर्गत पर्दछ । शिरमा तामाको पाथि राखिएको हुन्छ र यसलाई तलबाट फुकेर बजाइन्छ । यस बाजालाई २ टुक्रामा विभाजन गरेर राख्न सकिन्छ । यो बाजा पुर्वी नेपाल र पश्चिम नेपालमा भिन्ना भिन्नै प्रकारको हुन्छ ।

**९५.के**

यो बाजा ताल बाजा समुह पर्दछ । यो बाजामा पहिले पहिले बाघको छालाको प्रयोग गरिएको हुन्थ्यो भनिन्छ । यो बाजा लिम्वु जातीले बजाउने बाजा हो । यो बाजा ज्यादै पुरानो र पहिले प्रसिद्धि पाएको बाजा भए पनि हाल यसलाई बजाउन कमि भएको छ ।

**९६.ढोल**

ढोल ताल बाजा समुह अन्तर्गत पर्दछ ।यो बाजा झट्ट हेर्दा मादलको जस्तो एकातिर सानो र एकातिर ठूलो नभइ बराबरका घार हुन्छ । यो बाजा एकापट्टी गजो र अर्कोपट्टी हातले ताल दिएर बजाईन्छ ।

**९७. यलपों धिमें–**



©Music Museum of Nepal

यो उपत्यकाका नेवार समुदायको सांस्कृतिक सम्पति हो । यो तालबाजा अर्न्तगत पर्दछ । यो मा धिमे बाजा भन्दा अलि सानो हुन्छ र यसलाई एकापट्टी हात र अर्कोपट्टी बेतको लौरोले बजाईन्छ ।

## ९८. ढोलकी–

यो बाजा पञ्चैबाजा अर्न्तगतको तालबाजा हो । यो बाजा दुबैपट्टी छाला मोडी बनाईन्छ । दुबैपट्टी बराबर किनार लगाएको यो बाजा एकापट्टी हात र अर्कोपट्टी लौरोले हिर्काएर बजाईन्छ । छाला कस्दा हातले बजाउनेतर्फ पातलो र लौरोले बजाउनेतर्फ बाक्लो कसिएको हुन्छ ।

## ९९. धा:

यो ज्यादै प्रचिन लोकबाजा हो । यो बौद्ध सम्प्रदायको बाजा हो । विभिन्न बौद्ध चाडपर्वहरुमा यो बाजा बजाईन्छ। हाल यो बाजा मुंला महिनामा बजाउँदै पवित्र चैत्य तथा देवस्थलहरु परिक्रमा गरेको देख्न सकिन्छ । अन्य उत्सव तथा चाड पर्वमा दाफा भजन खल:हरुमा पनि धा: बाजा बजाईन्छ ।

## १००. नाय् खिं–

यो बाजा उपत्यकाका नेवार समुदायको ज्यादै पुरानो लोकबाजा हो । यो दुबैपट्टी छालाले मोडेको ताल बाजा हो । यो विभिन्न चाडपर्व तथा जात्राहरुमा बजाईन्छ र शवयात्रामा पनि विभिन्न तालमा शवको अघि पछि छुस्यासंग बजाईन्छ ।

## १०१. डिम्की–

यो बाजा ताल बाजा अर्न्तगत पर्दछ । यो छालाले मोडेको हुन्छ । झण्डै झण्डै ट्याम्को जस्तै र जत्रै आकारको हुन्छ । यो पश्चिम नेपालतिर बजाईन्छ । कतै कतै दुबै हातले गजो समातेर त कतै एउटा हातले ताल दिएर बजाएको पनि देख्न



©Music Museum of Nepal

सकिन्छ ।

**१०२. ट्याम्को –**
यो बाजा पञ्चे बाजा अर्न्तगतको सबैभन्दा सानो बाजा हो । यो झण्डै झण्डै एक वित्ता अर्धब्यासमा घुमेको हुन्छ । कम्मरमा भिरेर २वटा स–साना गजोले पुटुपुटु यो बाजा बजाईन्छ । ट्याम्को पात्र काठ या फलाम दुबैको बनाईन्छ । पञ्चे बाजामा यो मुख्य तालबाजा हो । दमाह, झुर्मा र ढोलकी यसैको तालमा बज्दछ ।

**१०३. टेम्की–**
यो तालबाजा अर्न्तगतको छालाले मोडेर बनाईएको सुदुर पश्चिमाञ्चलतिरको प्रसिद्ध लोकबाजा हो । यो बाजा तामाको पातामा छाला कसेर बनाईन्छ ।

**१०४. कुटकुटे–**
यो सानो आकारको कुटकुटे छालाबाट बनेको ताल बाजा हो । यो बाजा सल्यान, सुर्खेततिर टप्पा गाउँदा बजाईने गरिन्छ । २ वटा गजोले हानेर बजाइने यो बाजा गीतको तालमा गाउँदै नाच्दै पनि बजाईन्छ ।

**१०५. [illegible]–**
यो बाजा ज्यादै ठूलो आकारको हुन्छ । छालाबाट बनेको यो बाजा तालबाजा अर्न्तगत पर्दछ । काठमाण्डौका ज्यापु जातिको यो बाजा ज्यादै पुरानो हो । २ वटा गजोले ठोकेर बजाईने यो बाजा बजाउदै नाच्दै गाउदै गरी पनि बजाईन्छ ।

**१०६. झ्याली डम्फू**



©Music Museum of Nepal

यो ताल बाजा समुह अन्तरगत पर्दछ। यो बाजा आकारमा न ठूलो हून्छ न सानो नै । मध्यम खालको यो बाजाको एकापट्टीको भागमा पातलो छाला ठोकिएको हुन्छ र बिच बिच भागमा ३ देखी ५ ठाउमाभ्र्याली ठोकीएको हुन्छ।

**१०७. डबडब**

यो बाजा काठमाण्डौं उपत्यकाको प्रशिद्ध लोक बाजा हो । यो बाजा ताल बाजा अर्न्तगत पर्दछ । उपत्यकाको मंदिर तथा पूजापाठमा एउटा हात हल्लाएर दबदब गर्दे यो बाजा बजाईन्छ ।

**१०८. कान्ता दबदब–**

कान्ता दबदब दुईवटा एकैसाथ एकै तालमा बजाईन्छ । यो विभिन्न तालहरुमा बाद्य गुरुहरुले बजाउँदछन् ।

**१०९. झाँकि ढ्याङ्ग्रो–**

ढ्याङ्ग्रो प्रचलित र प्रख्यात लोक बाजा हो । यो बाजा विशेष गरेर झारफुक र उपचार गर्दा प्रयोग गरिन्छ। मृत्यु संस्कार र पूजामा पनि बजाईने यो बाजा बेतको लौराले हानेर बजाईन्छ। दुबैतर्फ टम्म मिलाएर छाला कसिएको हुन्छ। ढ्याङ्ग्रोको बप्द र किलको एवै रुपमा बनेको हुन्छ।

**११०. हुड्के**

यो बाजा ताल बाजा हो। मध्य पश्चिमाञ्चलमा भारत गाँउदा र अन्य पुराना साहित्य तथा गीत गाँउदा यो बाजा बजाईन्छ। यो बाजा झण्डै झण्डै डमरुसंग मिल्दो जुल्दो हुन्छ । एउटा हातमा लिने र अर्को हातले ताल दिई बजाईन्छ।

**१११. दिब्य डमरु–**



©Music Museum of Nepal

यो ज्यादै शक्तिशाली बाजा मानिन्छ । विशेष प्रकारको धार्मिक कार्यहरुमा यो बाजा बजाईन्छ । विशेष अभिष्ट प्राप्तीको लागी मन्त्र पढ्दा मात्र यो बाजा बजाईन्छ र यसमा मन्त्र अभिमन्त्रित गरिएको हुन्छ ।

**११२. च्योदर–**

यो बाजा ठूलो डमरुजस्तो हुन्छ । लामाहरुले मन्त्र उच्चारण गर्दा बिस्तारै सुस्त गतिमा बजाईन्छ । यो धार्मिक बाजा हो । खयर जातको काठ तथा मृगको छालाबाट बनेको र रिठ्ठा बाँधिएको
हुन्छ ।

**११३. ङ्हः–**

यो बाजा तामाबाट बनेको हुन्छ । अन्य बेला झुण्ड्याएर राखिने यो बाजा पूजा गर्ने बेलामा बजाईन्छ । यो बाजा ठूला ठूला गुम्बाहरुमा बजाईन्छ । मन्त्र उच्चारणको बिच बिचमा बजाउँदा निकै मिठो सुनिन्छ । यो बजाउँदा गुम्बा परिसर पवित्र हुन्छ भन्ने विश्वास गरिन्छ ।

**११४. पखावज–**

यो ताल बाजा अन्तर्गत पर्दछ । छालाले मोडेको यो बाजा विशेष गरि भजन मण्डलहरुमा बजाईन्छ । यो बाजा काठमाण्डौ उपत्यकामा देख्न पाईन्छ । अन्यत्र कुनै कुनै नेवार बस्तीहरमा यो बाजा देख्न सकिन्छ ।

**११५. पछिमा–**

यो ज्यापू समुदायको बाजा हो । छालाले मोडेको यो बाजामा खरी लगाईएको हुदैन । खरीको सट्टामा खौ लगाईएको हुन्छ । तर कतै कतै खरी लगाईएको पनि देख्न पाईन्छ । यो काठमाण्डौ उपत्यकाको नेवार जातिको लोकबाजा हो ।

©Music Museum of Nepal

## ११६. कोंचा खिं–

यो नेवार समूदायको ज्यापु जातिको बाजा हो । ताल बाजा कोंचा खिं घैटो आकारको हुन्छ । माथि मुखपट्टी छालाले कसेर खरि लगाईएको हुन्छ र काखिमा प्यापेर एक हातले बजाईन्छ । यसको पिंधमा प्वाल पारिएको हुन्छ ।

## ११७. दक्षिण बाजा खिं–

यो काठमाण्डौं उपत्यकाको ज्यादै पुरानो लोकबाजा हो । नेवार सम्प्रदायको यो बाजा दाफा भजन खलःहरुमा बजाईन्छ । यो भजन मण्डलीहरुको प्रिय बाजा हो ।

## ११८. दङ्ग खिं–

यो छालाबाट बनेको तालबाजा हो । नेवार सम्प्रदायको यो बाजामा खरीको सट्टा बजाउने बेला भन्दा केही अघि गहुँको पिठो मुछुर दलेर बजाईन्छ । सम्यक पूजामा यो बाजा अनिवार्य बजाउनुमानिन्छ । अन्य चाडपर्वमा पनि बजाईने यो बाजाको प्रचलन काठमाण्डौंमा आजकल निकै कम हुदै गैरहेको छ ।

## ११९. याक खिं–

यो उपत्यकाको प्रशिद्ध लोकबाजा हो । छालाले मोडेको तालबाजा अर्न्तगत पर्नें यो बाजा कम्मरमा भिरेर हातले बजाईन्छ । एक्लै बजाईने यो बाजा नेवार जातिको पुरानो लोकबाजा हो ।

## १२०. क्वता–

यो काठमाण्डौं उपत्यकाको नेवारहरुको लोकबाजा हो । यो तीनमुखे हुन्छ । यो बाजा विभिन्न शक्ति पिठहरुमा वा नन्दीभृङ्गी आदीको मूर्ति सहित यो बाजा देख्न पाईन्छ ।

## १२१. मृदङ्ग–



©Music Museum of Nepal

यो बाजा ठूलो र ठूलो आवाज आउने हुन्छ। र यो बाजा रातो मच्छिन्द्रनाथको रथयात्रामा अनिवार्य बजाईन्छ। यो बाजालाई भगवान ईन्द्रको बाजा पनि भनिन्छ।

## १२२. मंग खिं–

यो काठमाण्डौ उपत्यकाको नेवार समूदायको लोकबाजा हो। र यो निकै पूरानो बाजा हो भन्ने विश्वास गरिन्छ। काठमाण्डौ उवतयकाका नाग जातीले यो बाजा उपत्यकामा आफूसँगै भित्राएको मानिन्छ।

## १२३. पैता खिं–

यो उपत्यकाको नेवार समुदायको पुरानो लोकबाजा हो। यसमा दुबैपट्टी छालाले मोडी छालाकै तनाले कसी खरी दलेर दुबै हातले ताल दिई बजाईन्छ।

## १२४. दमो खिं–

यो उपत्यकाको पुरो ताल बाजा हो। यसमा खरी नलगाई बजाउने बेलामा पिठो मुछि खरी जस्तै लगाई बजाईन्छ। यो बाजा बजाउँदा सम्बन्धित देवी देवता यो बाजामा प्रवेश गर्दछन भन्ने जनविश्वास छ।

## १२५. दमाह–

यो पञ्चे बाजा समुहको एक बाजा हो। यो छालाले मोडेको हुन्छ र एउटा सानो गजोले ठोकेर बजाईन्छ। यो दमाई जातीको बाजा हो। बजाउन पानीले दुई तीन दिनसम्म भिजाएको दमाह राम्रो बज्दछ भनिन्छ।

## १२६. लाल खिं–



©Music Museum of Nepal

यो बाजा काठक घारलाई छालाले बनाईएको हुन्छ । यो ताल बाजा अन्तर्गत पर्दछ । यो बाजा पनौति तिर बजाईन्छ । यो पुरानो र मौलीक लोक बाजा हो ।

### १२७. दाईनु दमाउ

यो बाजा तामाको घारलाई दाहिने गोरुको छालाले मोडी बनाईएको हुन्छ । यो बाजा आकारमा ठूलो र स्वरमा पनि ज्यादै ठूलो स्वर आउने हुन्छ। यो बाजा सुदुर पश्चिमाञ्चलको मेलापर्वमा बजाईन्छ।

### १२८. बाईनु दमाउ

यो बाजा ताल बाजा समुह अन्तर्गगत पर्दछ । यो बाजा तामाको घारमा छालाले मोडेर बनाईन्छ । यो बाजा आकारमा सानो तथा आवाज पनि मसिनो तथा तिखो हुन्छ।

### १२९. छुम छुम –

यो बाजा ताल बाजा समुह अन्तरगत पर्दछ । यसको निर्माण काँसबाट बनेको चाप्लाई रेसमको कपडामा मोडी सानो गोलो पोको बनाईन्छ। यो बाजा भजन किर्तनमा बजाईन्छ। बजाउदा दायाँ बायाँ हातमा फालेर ताल मिलाउदै बजाईन्छ । यो बजाउदा छुम छुम आबाज आउने भएकाले यो बाजाको नाम छुम छुम भनिन गएको हो ।

### १३०. ज्व खिं

यो बाजा काठमाण्डौ उपत्यकाको बाजा हो । यस बाजामा नाट्यश्वरको चित्र अंकित गरीएको हुन्छ । यो बाजा जोर रुपमा बजाउनु पर्दछ र दुबैबाजा एकै स्वरमा मिलाएको हुन्छ ।

### १३१. द्यो खि



©Music Museum of Nepal

यो बाजा काठमाण्डौ उपत्यकाको नेवार सम्प्रदायको मौलीक सम्पदा हो ।यो बाजा देब देबीको पूजा तथा देब देवीको रथ यात्रामा बजाईन्छ । योबाजा ताल अन्तर्गत पर्दछ ।

## १३२. कैं फू

कैं फू उपत्यकाको पुरानो लोकबाजा हो । यो हेर्दा थाल जस्तो आकारको हून्छ । यो बाजा चरेस धातुबाट बन्दछ । यो बाजा काठमाण्डौ उपत्यकामा प्रचलित बाजा हो ।

## १३३. तिन्छु

यो बाजा ताल बाजा अन्तर्गत पर्दछ । यो बाजा भजन किर्तन वा पूजा पाठमा २ हातले ठोकेर बजाईन्छ । यो कासँबाट बनेको हुन्छ । योबाजा ४ अंगुल अर्धब्यासको हुन्छ ।

## १३४. खाँकर–

सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको अधिकांश जिल्लाका नाचहरुमा यो बाजा प्रयोग गरिन्छ । फलाम तथा अन्य धातुका सिपालु कालिगढहरुले यो बाजा बनाउँछन् । नर्तक नर्तकीहरुले नाचमा खुट्टामा यो बाजा लगाई नाच्ने गर्दछन ।

## १३५. घाँडो–

यो बाजा फलामबाट बन्दछ । यो ३ अंगुल जति लामो हुन्छ । यो शिकारी कुकुरलाई लगाईन्छ । घोरल मृग आदी शिकार गर्न जाँदा शिकारीहरुले सोही घाँडोको आवाज पछ्याई शिकार गर्दछन् । घाँडो हाम्रोमानव जिवनमा कुनै बेला शिकारको जमाना पनि थियो भन्ने प्रमाणको रुपमा रहेको छ ।

## १३६. चाँप–

©Music Museum of Nepal

यो बाजा सानो सानो गोलो काँसको फूलबाट बनेको हुन्छ । डोरी वा बलियो धागोमा उनेर यो बाजा लगाईन्छ । लोकनाचहरुमा नर्तक तथा नर्तकीहरुले खुट्टमा बाँधेर यो बाजा लगाउँछन । यो तालबाजा अर्न्तगत पर्दछ ।

## १३७. जुरी–

यो काँसबाट बनेको तालबाजा हो । करिब२ अंगुल ब्यास भएको यो बाजा विशेष गरेर भजन तथा देवताको पूजामा बजाईने गरेतापनि लोकगीतहरुमा पनि यो बाजा बजाइन्छ । यो पूर्वी तराईको राजवंशी जातिको बाजा हो ।

## १३८. घंघला माला–

यो झाँक्रिहरुको बाजा हो । घंघला चरेशको फूलबाट बनेको हुन्छ । यो भर्खर मन्त्र सिक्न थालेका झाँक्रिहरुले दोकाँधे बनाई जिउमा भिर्दछन । घंघला भिरि बाम्नै धामी झाँक्रिले उपचार तथा देवी देवालाई फलाक्दछन ।

## १३९. घण्टी घंघला माला–

यो बाजा घण्टी र घंघलाको संयुक्तरुप हो । डोरीवा कपडाको फित्तामा घंघला र घण्टी उनी सिद्धि प्राप्त झाँक्रिहरुले दोकाँधे बनाई भिर्दछन । घण्टी घंघलाको स्वर संगै भाँक्रिको काम्ने तरिका फरक हुन्छ । आफ्नो अभिष्ट प्राप्तीको लागी देवी देवताको आब्हान गरि स्वस्तीशाान्ति तथा ग्रह दशा काट्ने काम पनि यिनै धामी झाँक्रिबाट गरिन्छ ।

## १४०. झर्रा–

यो बाजा थारु जातीको बाजा हो । चितवनका थारु जातीले फागु नाचमा यो बाजा बजाई नाच्दछन् । यो बाजा थारुहरुले फागु नाचमा निकै मनोहर किसिमले बजाई नाच्ने गाउने गर्दछन् ।



©Music Museum of Nepal

**१४१. मेदिङ–**

ताल बाजा अर्न्तगत पर्ने यो बाजा मध्य तराईतिर बजाईन्छ । यो बाजामा झ्याली जोडिएको हुन्छ । दुबै हातले वा एउटा हातले हल्लाएर यो बाजा बजाईन्छ ।

**१४२. गोपाल डण्डी–**

यो ताल बाजा हो । करिब एक मुढी हात जति लामो गोलो काठको एक जोडी डण्डी फागु नाच नाच्दा उपत्यकामा बजाईन्छ । यो बाजा भगवान श्री कृष्णको सम्झनामा गाई गोठालाहरुले बजाउन शुरु गरेको विश्वास गरिन्छ । गोपाल वंशको उपत्यकामा आगमनसंगै यो बाजा बजाउन थालिएको हुन सक्छ ।

**१४३. वभू–**

यो बाजा पुरानो देवदेवीको मन्दिर र देवी नाचहरुमा बजाईन्छ । यो बाजा एक कुरेत अधियासको हुन्छ । यो बाजा अष्ट पञ्च धातुको मिश्रणबाट बन्दछ । यो ताल बाजा हो र यो बजाउँदा निस्कने कम्पन ज्यादै शक्तिशालि हुन्छ । यहि कम्पनको कारणलेनै देवी नाचमा देवी वा मातृका चढेकाहरु लगातार कम्पित हुँदै नाचेको हुनु पर्दछ ।

**१४४. ताक बभू–**

यो उपत्यकाका नेवार समुदायको ताल बाजा हो । विभिन्न चाडपर्व तथा नेवारी नाचहरुमा यो बाजा बजाईन्छ ।

**१४५. गोल्की–**

तराईका थारु जातीको यो बाजा बाँसको एक तडिको बिचको भाग निकाली तल छाला ठोकिन्छ । फेददेखि टुप्पासम्म एउटा तार जोडिन्छ । बजाउन भाँटा हल्लाउने वा कोट्याउने



©Music Museum of Nepal

गर्नुपर्दछ । यो राम्रो  संग बजाउन जान्नेले विभिन्न ताल तथा मधुर आवाजहरु निकाल्दछन ।

### १४६. मुर्चुङ्गा–

यो ज्यादै पुरानो नेपाली लोक बाजा मानिन्छ । यो बाजालाई भगवान शिवको प्रिय बाजा मानिन्छ । यो त्रिशुल, ॐ र शिव लिङ्गको रुप एउटै छ । र यसबाट आउनेस्वर ॐ जस्तै हुन्छ । यो बाजा किरातेश्वरमहादेवले प्रचलनमा ल्याएको हो भन्ने विश्वास गरिन्छ । ज्यादै मिठो र मधुर स्वर आउनु यसको विशेषता हो । हाल यो बाजा किँरातहरुले बजाउने गदछन । यसबाट पनि यो बाजा किराँतहरुको अमुल्य सौगात भएको मान्न सकिन्छ । तल माथिको दुबै दाँतलाई मुचुङ्गाको दुबैभाग छुवाई बिचको जिब्रि कोट्याएर बजाउने र आबश्यकता अनुसार मुखभित्र श्वास चलाउँदा अनेकौं स्वर र ताल निस्कन्छ ।

### १४७. भाले मुर्चुङ्गा–

यो बाजा फलामबाट बनेको हुन्छ । साधारण मुर्चुङ्गा भन्दा केही ठुलो करिब पाँच अंगुल लामो यो भाले मुर्चुङ्गाबाट ठूलो स्वर आउँछ ।

### १४८. पित्तले मुर्चुङ्गा–

सुन जस्तो सुनौलो यो बाजा पित्तलले बनेको हुन्छ । बनावट र आकार साधारण मुर्चुङ्गाजस्तै भएपनि यो बजाउँदा मुख नमिठो वा स्वाद बिग्रने भएकोले यसको प्रयोग कमै मात्रामा हुने गर्दछ ।

### १४९. पोथि मुर्चुङ्गा–



©Music Museum of Nepal

यो बाजा फलामबाट बनेको हुन्छ । यो सानो तथा मसिनो हुन्छ । र बजाउँदा ज्यादै मिठो र तिखो आवाज निस्कन्छ । बजाउन सिपालु मान्छेले मात्र यो मुर्चुङ्गा बजाउन सक्दछ । नत्र दाँतमा जिब्रि ठोक्किएर आवाज निस्किदैन ।

### १५०. जोर विनायो–

यो बाजा रातो निगालो बाट बन्दछ । विनायो बनाउनको लागि ३ बर्ष पुरानो चोया चाहिन्छ । अगेना माथि भारमा सुकाएर राखेको रातो निगालोको चोया काटेर बनाईने यो बाजामा दुईवटा जिब्रि हुन्छ । किँरातहरुको यो बाजा सुर र ताल दुबैमा बजाउन सकिन्छ । यो नेपालको निकै पुरानो लोकबाजा हो । यो बजाईसकेपछि नौनी दलेर सुकाईन्छ ।

### १५१. विनायो–

यो बाजा मालिङ्गो निगालोबाट बन्दछ । यो पुरानो चोयाबाट बनाउँदा राम्रो मानिन्छ । किराँत महिलाहरुले घाँस दाउरा,मेलापात गर्दा यो बाजा चोलीको तुनामा बाँधेर राख्दछन र मन लागेको बेला बजाउने गर्दछन । विनायो किराँत महिलाहरुलाई विवाहमा माईतीबाट उपहारकोरुपमा दिने चलन पनि पाईन्छ ।

### १५२. झिकझिके–

यो बाजा नरिवलको गट्टामा विभिन्न गेडीहरु लस्करै उनेर बनाईन्छ । यो बाजा एक हातमा लिएर अर्को हातमा हिर्काउदै घुमाउँदै गरेर बजाईन्छ । यो तराईतिर प्रचलित बाजा हो ।

### १५३. धर्मदण्डी–

यो बौद्ध विहारहरुमा बजाईन्छ । काठबाट बनेको झण्डै ३–५ हात लामो यो बाजा कथिले ठोकेर बजाईन्छ । यो बाजा धार्मिककार्यमा मात्र प्रयोग हुने र मन्त्रोच्चारण गर्दा गोप्यरपमा



©Music Museum of Nepal

बजाईने भएकोले सर्वसाधरणले त्यति देख्न पाउदैनन् ।

### १५४. घ्याबुक–

यो बाजा काँसबाट बनेको हुन्छ । यो हिमाली क्षेत्रका बौद्ध धर्माबलम्बीहरुले पूजापाठ गर्दा बजाउने गर्दछन । यो ठुलो आकारको बाजा हो । पूजापाठ गर्दा बिचबिचमा मन्द्र र तिब्र स्वरमा यो बाजा बजाईन्छ । यो बाजा ताल बाजा अर्न्तगत पर्दछ ।

### १५५. वुप्सेल–

यो बौद्ध सम्प्रदायको बाजा हो । बौद्ध गुम्बाहरुमा अनेक पूजापाठहरमा बजाईनेयो बाजा काँसबाट बनेको हुन्छ । यो ताल बाजा हो । बुप्सेल बजाउन विशेस सिपको आवश्यकता पर्दछ । मन्त्र वा स्त्रोत आदी उच्चारण गर्दा यो बाजा बजाउँदा त्यो क्षेत्र दिब्य संङ्गीतले आलोकित बन्दछ ।

### १५६. तिनीमूनी–

कान्छि औंला जत्रो मोटोलाई भएको फलामको डण्डीलाई तीन ठाँउमा बङ्ग्याई बनाईने यो बाजा त्रिभुज आकारको हुनछ । तालबाजा अर्न्तगतको यो बाजा फलामकै एक बित्ता लामो डण्डीले ठोकेर ताल दिदै बजाईन्छ । यो बाजा मन्दिरहरुमा भजन कीर्तन गाँउदा बजाईन्छ ।

### १५७. स्वकूंला–

यो बाजा मध्यपुर ठिमी उपत्यकामा बजाईन्छ । त्रिभुज आकारको यो बाजा दाफा भजन तथा मन्दिरहरुमा पूजापाठ गर्दा बजाईन्छ । यो तालबाजा हो । स्वकूंलाको दुबै टुप्पो मुन्द्रा जस्तो घुमाउनु पर्दछ । बजाउनको लागी काठको चारकुने चौकस जस्तो बनाई झुण्ड्याईएको हुन्छ ।

©Music Museum of Nepal

### १५८. छुस्या–
यो बाजा काँसबाट बनेको हुन्छ । एक बित्ता अर्धब्यास भएको यो नेवार जातिको बाजा हो । यो पातलो हुन्छ र ज्यादै तिखो स्वर निस्कन्छ । यो नाय् खिं संगै नेवार जतीको शव यात्रामा बजाईन्छ ।

### १५९. झ्याली–
करिब ६ अंगुल जति अर्धब्यास भएको काँसबाट बनेको यो बाजा सार्वजनिक घोषणा गर्दा बजाईन्थ्यो । पहिला पहिला झ्याली पिटी सरकारी समाचार वा उर्दी सुनाउने चलन थियो

### १६०.घडि घण्ट–
करिब एक बित्ता ब्यास भएको काँसबाट बनेको यो बाजा माथि भागमा डोरीले झुण्ड्याई काठको घनले हिर्काई बजाईन्छ । यो बाजा स्कूल तथा कलेजहरुमा समय थाहा दिन समेत प्रयोग गरिन्छ । पहिले पहिले पहिले यो बाजा तानाकिसिको जात्रामा किसिको अगाडीबजाईन्थ्यो । यो नेवारी ताल बाजा हो । देवी तथा मातृकाहरुको नाचमा पनि यो बाजा बजाईन्छ ।

### १६१. फाक्वा–
यो लिम्बु जातीको बाजा हो । यो बाँसबाट बनेको हुन्छ । यो बाजा लिम्बु जातीले पितृ कार्यमा बजाउँदछन् । मुन्धुमको पाठसहित पितृ अर्चनामा अनिवार्य बजाईने यो बाजा बजाईसकेपछि मात्र पितृले प्रसाद स्वीकार गर्दछन भन्ने विश्वास गरिन्छ ।

### १६२. ख्वालीमाली–
यो उपत्यकामा प्रचलित पुरानो बाजाहो । तालबाजा अर्न्तगत पर्ने यो बाजा विभिन्न नाच गानहरुमा बजाईन्छ ।

©Music Museum of Nepal

## १६३. मुर्जा–

यो काठमाण्डौ उपत्यकामा प्रचलित लोकबाजा हो । यो तालबाजा अर्न्तगत पर्दछ ।

## १६४. घुग्गुमुग्गु–

यो बाजा ताल र सुर दुबैमा मिलाउन सकिन्छ । तुम्बाको फेदमा काटी सफा गरेर पातलो छाला टाँसी यो बाजा बनाईन्छ । र बजाउँदा काखिमा च्यापेर बजाईन्छ । तिखो स्वर निकाल्दन हातले तार तन्काउने र मोटो स्वर निकाल्न छाड्ने गर्दै यो बाजा बजाईन्छ ।

## १६५. माहुरी बाजा–

माहुरी बाजा सुर बाजा अर्न्तगत पर्दछ । यो म्याग्दीतिरका मगर जातीले बजाउने गर्दछन् । गोर्डिङ जातको निगालोबाट बनाईने यो बाजा बजाउँदा फूलबारीमा मौरी घुमेको जस्तो मिठो आवाज आउँछ । अनेकौं सुरहरुमा बजाउन मिल्ने यो बाजा पौन फेरेर बजाउनु पर्दछ ।

## १६६. पिपरी–

यो काप्रो वा अन्य चाम्रो तर कलिलो पालुवाबाट बनाईन्छ । काप्रो जातका डालेघाँसको पातलाई बेरेर सोलीजस्तो बनाई टुप्पाबाट फुका बिभिन्न आवाज निकाली बजाईन्छ । यो विशेष गरि बच्चाहरुलाई फकाउँदा प्रयोग गरिन्थ्यो । अन्य चिल्लो जातका पातबाट पनि यो बाजा बनाउन सकिन्छ ।

## १६७. पाउजु–

यो चाँदीबाट बनेको विशेष गरि बिबाहिता महिलाहरुले खुट्टामा गहनाकोरुपमा लगाउँदछन नाच्दा वा हिड्दा मधुर छुमछुम आवाज आउने भएकोले यसलाई बाजाको श्रेणीमा राखिन्छ ।



©Music Museum of Nepal

## १६८. झिलमिले–

झिलमिले बिशेष गरेर दाङ का थरुनीहरुले कानमा लगाउने गर्दछन् । हिड्दा मिठो आवाज दिदै हल्लनु यसकोविशेषता हो । यसको आवाजले बाहिरि हल्लामा ध्यान नदिई एकोहोरो रुपमा काममा ध्यान दिन सहयोग पुर्याउछ ।

## १६९.कलिङ –

कलिङ ताल बाजा समुह अन्तरगत पर्दछ । यो बाजा सिन्धुपाल्चोक र आसपासका क्षेत्रमा बजाईन्छ । यो बाजा छालाले मोडेको र ठूलोआकारको हुन्छ । बजाउँदा ज्यादै ठूलो स्वर आउने हुन्छ ।

## १७०. सिनडुङ-

सिनडुङ बाजा ताल बाजा समुह अन्तरगत पर्दछ । यो बाजा छालाले मोडेर बनाएको हुन्छ । बिभिन्न चाड पर्व तथा उत्सवहरुमा यो बाजा तामाङहरुले बजाउने गर्दछन् ।

## १७१. पुलि.

यो बाजा तामाङ जातिको सुर बाजा अन्तर्गत पर्दछ । पुलि सनाई जस्तै मुखले फुकी औंला चालेर बजाईन्छ । यो बाजा तामा वा पित्तलबाट बन्दछ । यो विभिन्न उत्सव तथा धार्मिक कार्यहरुमा बजाईन्छ ।

## १७२. पिहुङ–

यो बाजा रसुवा, सिन्धुपाल्चोकतिरका तामाङ जातीमा प्रचलित हो । सुर बाजा अर्न्तगत पर्ने यो बाजा मुखले फुकेर बजाईन्छ । मिठो स्वर  आउने यो बाजा तामाबाट बन्दछ ।

©Music Museum of Nepal